# प्रेस विज्ञप्ती - १४६
# Press Release-146

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर,काठमाडौं
मितिः-२०७२/१०/२० गते ।

## अबैध लागू औषध चरेश ९० किलो ५६ ग्राम सहित ५ जना अभियुक्त पक्राउ

लागू औषध नियन्त्रण व्यूरोबाट खटिएको विशेष टोलीले विभिन्न मितिमा निम्न बमोजिमका व्यक्तिहरुलाई पक्राऊ गरी अवैध लागूऔषध चरेस लगायतका सामानहरु बरामद गरेको ।

**निम्नः**

१. हेरमान तामाङ र अक्कल बहादुर तामाङ - ९०.०५६ किलोग्राम ला.औ चरेश सहित विभिन्न सर सामानहरु
२. धन बहादुर गुरुङ - भा.रु ४८,०००
३. नर बहादुर गुरुङ
४. डि.बि.भन्ने दिल बहादुर गुरुङ -चाईनिज युआन १०७।, यु.एस डलर ५८०।, हङकङ डलर १२०।, चाईनिज सिमकार्ड थान १ लगायतका समानहरु ।
(उक्त बरामदी अवैध ला.औ.को अवैध स्थानीय बजार मुल्य अनुमानित रु २७ लाख रहेको।)

१. मिति २०७२।१०।१८ गते १५:३० बजे जिल्ला धादिङ सेर्तुङ गा.वि.स - १ घर भएका बर्ष ३७ को हेरमान तामाङ र जि.नुवाकोट बुङताङ -२ घर भएका बर्ष ३५ को अक्कल बहादुर तामाङलाई का.जि.बुढानिलकण्ठ न.पा वडा नं. १२ नारायणचोक स्थित हेरमान तामाङको डेराकोठाबाट ***अवैध लागू औषध चरेश ९० किलो ५६ ग्राम*** सहित पक्राउ गरिएको ।
उक्त चरेश भारत, चीन -हङकङ, ईटली, क्यानाडा लगाएतका देशहरुमा पैठारी गर्नको लागि Hemp Shoes, विभिन्न किताबहरु आदिमा लुकाऊ छिपाऊ (Concealment) तथा प्याकिङ गर्ने कार्यमा प्रयोग गर्ने बिभिन्न सर-सामानहरु, मेसिनहरु बरामद गरिएको ।

२. उक्त अवैध ला.औ चरेस निकासी गर्ने क्रममा रहेका जिल्ला धादिङ बसेरी ४ घर भएका बर्ष ३० को धन बहादुर गुरुङ र बर्ष ३१ को नर बहादुर गुरुङलाई मिति २०७२।१०।१८ गते १८:०० बजे का.जि.का.म.न.पा.वडा नं.७ चावहिलबाट पक्राउ गरीएको ।

३. उक्त बरामद ला.औ चरेश मुद्धाका मुख्य अभियुक्त जि.तनँहु बन्दीपुर ७ स्थाई घर भई हाल का.जि.का.म.न.पा.वडा नं.८ धापासी बस्ने बर्ष ५८ को डि.बि.भन्ने दिल बहादुर गुरुङलाई समेत मिति २०७२।१०।१९ गते १६:०० बजेको समयमा का.जि.का.म.न.पा.वडा नं.३ पानीपोखरीस्थित लाभा क्याफे अगाडी सडक किनाराबाट पक्राउ गरिएको । निज दिल बहादुर गुरुङले उक्त बरामद चरेश कुरियरमार्फत भारत, क्यानडा, ईटली, चीन-हङकङ जस्ता मुलुकहरुमा निकासी गर्ने गरेको कुरा प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको ।

## को हुन दिल बहादुर गुरुङ ?

- २०५४सालमा थानकोट वसपार्कबाट ना.अ.ख.३११५ नं.को ट्याक्सी जाँच गर्ने क्रममा ५० के.जि. लागू औषध चरेश सहित दिपेन्द्र मगर र राम बहादुर हमाल पक्राऊ परी जिल्ला प्रहरी कार्यालय काठमाण्डौबाट मुद्धा चलेकोमा उक्त मुद्धाको अनुसन्धानको सिलसिलामा निज दिल बहादुर गुरुङ्गको संलग्नता खुल्न आएकोले निज फरार प्रतिवादी दिल बहादुर गुरुङ्गलाई मिति २०७२/२/२८ गते ला.औ.नि व्यूरोले पक्राउ गरी जिल्ला अदालत काठमाण्डौ वुझाई मुल्तवी जगाई कारवाही अगाडी वढेकोमा काठमाण्डौ जिल्ला अदालतबाट २ लाख धरौटी लिई तारेखमा छुटेको र हाल तारेखमा नै रहेको ।
- मिति २०५९/२/१८ गते का.जि.धापासी गा.वि.स.८ स्थित दिल बहादुर गुरुङ्गको घरबाट १० के.जि. चरेश बरामद गरी निज दिल बहादुर गुरुङ्ग समेत पकाउ परी मुद्धा चलेकोमा अदालको आदेशले ३० हजार धरौटी राखी छुटेकोमा पछि सफाई पाएको ।
- मिति २०६०/११/८ गते कार्गोबाट अशोक कुमार सुवेदीले क्यानडा पठाउन ल्याएको माटाको सेरामिक कप, कचौरा, गमला लगायतका सामान राखेको २२ वटा काठको बाकसको पिँधबाट लागू औषध चरेस ६६९ किलो बरामद भएको । उक्त ला.औ मुद्धामा अशोक कुमार सुवेदी र मोहनकृष्ण रिसाललाई म्याद थप गरी अनुसन्धान गर्दा उक्त चरेस डिबि भन्ने दिल बहादुर गुरुङले क्यानडा पठाउन दिएको खुल्न आएको । सो मुद्धामा डिबि भन्ने दिल बहादुर गुरुङ फरार रहेकोमा मिति २०६१/९/२६ गते पक्राउ गरी काठमाण्डौ जिल्ला अदालत पेश गरेको ।
- काठमाण्डौ जिल्ला अदालतको आदेशले पूर्पक्षको लागि थुनामा गएकोमा पुनरावेदन गई सर्बोच्च अदालतको मिति २०६२/४/९को आदेशले धरौटी बापत रु.नौ लाख राखी तारेखमा छुटेको ।
- सोही मुद्दामा काठमाण्डौ जिल्ला अदालतको मिति २०६३/१२/२६को फैसला अनुसार ८ बर्ष कैद र रु.८०,०००।-जरिवाना ठहरी निजलाई मिति २०६४/४/२२गते पुन पक्राउ गरी कैद भुक्तानको लागि काठमाण्डौ जिल्ला अदालत पेश गरेको । उक्त सजाय भुक्तान गरी ०७० साल श्रावणमा कारागारबाट रिहा भएको ।
- निजहरु उपर लागू औषध नियन्त्रण ऐन २०३३ अनुसार मुद्धा दर्ता गरी आबश्यक अनुसन्धान कार्य भई रहेको ।

● ● ●









